# REGIONAL NEWS
# ALL INDIA RADIO_GANGTOK
# NEPALI LANGUAGE

**06. 40. PM.** **16.05.2012**

स्टेट डे- सीएम

सैंतिसौं राज्य दिवसको अवसरमा आज राज्यका मानिसहरूले राष्ट्रको एकता र प्रगतिका निम्ति स्वयंलाई पुनः समर्पित गरे। उन्नाइस सय पचहत्तर सालमा आजकै दिन यो पूर्व अधिराज्य, सम्विधानको अड़तीसौं संशोदन पछि बाइसौ राज्यको रूपमा भारतीय संघमा सामेल भएको थियो। यस अवसरमा गान्तोकको चिन्तन भवनमा आयोजित समारोहलाई सम्बोधन गर्दै राज्यपाल श्री बाल्मीकी प्रसाद सिंहले भन्नुभयो - सिक्किममा राजनैतिक प्रजातन्त्रको विकासले - शिक्षा, स्वास्थ्यरक्षा र पूर्वाधारको सृजनाद्वारा सिक्किमेहरूको सशक्तीकरणमा टेवा पुग्न गएको छ। वहाँले भन्नुभयो - पोहोर साल सितम्बर महीनामा सिक्किममा आएको भयानक भूकम्पले कुनै असर गर्न सकेन र राज्यका मानिसहरूलाई नयाँ वास्तविकताहरूको सामना गर्न सक्ने बनायो। यस अवसरमा बोल्दै मुख्यमंत्री श्री पनव चामलिङले, आफ्नो विवेक तथा दुरदर्शिताका निम्ति प्रजातन्त्रका लागि संघर्ष गर्ने सबैप्रति श्रध्याञ्जलि अर्पण गर्नुभयो। वहाँले भन्नुभयो - आफ्ना नागरिकहरूको सामूहिक कल्याणलाई बढ़ावा दिंदै प्रजातान्त्रिक राज्यको रूपमा सिक्किम एकसमान रहेको छ। मुख्यमंत्रीले जोड़ दिंदै भन्नुभयो सत्तरीको दशकको ऐतिहासिक घटनाबाट छुट्टिएका सिक्किमेहरू अहिले भारत तथा विश्वकै खुबै उदीयमान नागरिकहरूको रूपमा अघि बढ़िरहेछन्। श्री चामलिङले, सिक्किमलाई राजतंत्रबाट एउटा लोकतांत्रिक राज्यको रूपमा परिवर्तित गर्नमा दुर्लभ योगदानका निम्ति स्वर्गीय टाशी छिरिङ भुटिया र प्रथम मुख्य मंत्री स्वर्गीय लेण्डुप दोर्जी खाङसारपा काजीप्रति श्रध्या सुमन अर्पण गर्नुभयो। श्री चामलिङले स्वर्गीय टाशी छिरिङको पूर्णाग शालिग स्थापित गर्ने पनि घोषणा गर्नुभयो।

स्टेट डे - फेलिसिटेसन

सैंतिसौं राज्य दिवस समारोहमा आज समाज सेवा, खेलकुद, संगीत - कला, साहित्य तथा अन्य क्षेत्रमा समाजप्रति योगदान पुर्याउने उन्तीसजना व्यक्तिहरूलाई अभिनन्दन गरियो। विभिन्न क्षेत्रका नौ जना व्यक्तिहरूलाई सिक्किम सेवा रत्न र बीस जनालाई सिक्किम सेवा सम्मा पुरस्कारद्वारा अलंकृत गरियो। प्रजातान्त्रिक आन्दोलनका निम्ति एल.डी काजी पुरस्कारले सिक्किमको प्रजातान्त्रिक आन्दोलनमा भूमिकाका निम्ति पूर्व जिल्लाको पाँचे डुगालाखाका श्री मन बहादुर तामङलाई सम्मानित गरिएको छ। यसैगरी जीवन रक्षा पदक विवेक शर्मालाई प्रदान गरियो जसले एकजना नानीको जीवन बचाएकोमा राष्ट्रपतिबाट २०११ सालमा पुरस्कार ग्रहण गरेका थिए। सिक्किम सेवा रत्न पुरस्कार प्राप्त गर्ने व्यक्तिहरूमा सामेल हुनुहुन्छ पूर्वमुख्यमंत्रीहरू श्री बी.बी. गुरूङ र श्री संचमान लिम्बु, बयोबृद्ध पत्रकार श्री सी.डी. राई, ख्यातिप्राप्त फुटबल खेलाड़ी श्री भाइचुङ भुटिया, ओलम्पिकमा भाग लिने धनुर्धर खंलाड़ी श्री तरूणदीप राई र महिला पर्वतारोही सुश्री फुलमाया तामङ। सिक्किम सेवा सम्मान पुरस्कारले अन्य बाहेक बयोवृद्ध महिला पत्रकार श्रीमती सन्तोष निराश, बक्सिङ खेलाड़ी श्री जसलाल प्रधान र व्यापारी श्री मोतीलाल लखोटियालाई सम्मानित गरियो।

एसएचआरपी - भण्डारी (आरटीआई)

सिक्किम हिमाली राज्य परिषद् पार्टीले, आगामी राज्य विधानसभा चुनाव लड्नका निम्ति अन्य विपक्षी पार्टीहरूको परामर्श लिएर एउटा क्षेत्रीय पार्टीको गठन गर्ने सम्भावनाको संकेत दिंदै सिक्किम प्रदेश काँग्रेस समितिका अध्यक्ष श्री नर बहादुर भण्डारीको हालैको बयानमाथि टिप्पणी गर्न अस्वीकार गरेको छ। पार्टी अध्यक्ष डाक्टर ए.डी. सुब्बाले गान्तोकमा आज पत्रकारहरूलाई भन्नुभयो- श्री भण्डारी काँग्रेस पार्टीमै हुनुहुन्छ र वहाँले नयाँ पार्टी खोल्नु भएको छैन। तथापि दुवै सत्ताधारी र विपक्षका अन्य पार्टीहरूले सिक्किम हिमाली राज्य परिषद पार्टीलाई कम्ती सम्झिएको आरोप लगाउँदै वहाँले दावी गर्नुभयो - सबैले चाँड़ैनै पार्टीको शक्ति सम्बन्धमा आफु गलत रहेको कुरो थाहा पाउनेछन्। पत्रकारहरूका प्रश्नहरूको प्रत्युत्तरमा डाक्टर सुब्बाले आशंका व्यक्त गर्दै भन्नुभयो - हालको परिस्थिति हेर्दा पंचायत चनाव नहुन सक्छ र यदि भएको खण्डमा पार्टीले उचित समयमा आफ्नो कार्यक्रम तय गर्नेछ। विभागबाट आरटीआईको उत्तरको उल्लेख गर्दै वहाँले राज्य सरकारमाथि सिक्किम राज्य लटरीमा करौड़ो रूपियाँको घोटाला गरेको आरोप पनि लगाउनुभयो। यसअघि पत्रकारहरूकै सामू मार्क्सवादी कम्युनिष्ट पार्टीको राज्य इकाइका पूर्व नेता श्री पुण्य प्रसाद कोइराला विधिवत् रूपमा सिक्किम हिमाली राज्य परिषद पार्टीमा सामेल हुनुभयो। वहाँले भन्नुभयो - क्षेत्रीय पार्टीको पक्षमा कथितरूपले राज्यका मानिसहरूको भावनालाई ध्यानमा राख्दै यस्तो निर्णय लिइएको हो।

पक्का हाउस

पश्चिम जिल्लाको मानेबोङ देन्ताम समष्टीकी विधायक सुश्री चन्द्रमाया सुब्बाले आज देन्ताममा मुख्यमंत्री ग्रामीण आवास मिशन अन्तर्गत पहिलो पक्का घरको उद्घाटन गर्नुभयो। लाभार्थी श्री सन्त बीर पन्तलाई आवंटित गरिएको यो घर चार लाख नौवासी हजार रूपियाँको खर्चमा निर्माण गरिएको छ र यसको घरेड़ी विकासका लागि महात्मा गान्धी नरेगा अन्तर्गत पचास हजार रूपियाँ उपलब्ध गराइयो। सम्बन्धित प्रखण्ड तथा जिल्ला अधिकारीहरूले नियमित रूपमा निर्माण स्तरको जाँच गरेको कुरो बताउँदै सरकारी सूत्रले भनेको छ ६ महीनाभित्रमै निर्माण कार्य पूरा गरेकोमा लाभार्थीहरूलाई दस हजार रूपियाँ प्रोत्साहन राशि पनि प्राप्त हुनेछ।